नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
बागमती प्रदेश प्रहरी कार्यालय
हेटौडा, मकवानपुर।

फोन: ०५७-५२१४९९
फ्याक्स: ०५७-५२३३९९

पत्र संख्या:- ०७९।०८०
प्रा.प.सं.:-

मिति: २०७९।११।१४ गते।

## प्रेस विज्ञप्ति

### बागमती प्रदेश प्रहरीको पछिल्लो १ महिनाको प्रगति विवरण सार्वजनिक

बागमती प्रदेश प्रहरी प्रमुख दिपक थापा हाजिर पश्चातको प्रगति विवरण सार्वजनिक गरिएको छ। २०७९ साल माघ १२ गते बागमती प्रदेश प्रहरी प्रमुखकोरुपमा पद बहाली पश्चातको १ महिनामा बागमती प्रदेश प्रहरी अन्तर्गतका प्रहरी इकाईहरुबाट उल्लेख्य रुपमा प्रगतिहरु हासिल भएको छ । पछिल्लो १ महिनामा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले समग्र प्रदेशको प्रभावकारी शान्ति सु-व्यवस्था कायम गर्ने, बस्तुनिष्ट अपराध अनुसन्धान गर्ने, पिडितलाई प्राथमिकतामा राखि प्रहरी सेवा प्रवाह गर्ने, फरार अपराधिको पक्राउ गर्ने, पेण्डिङ मुद्धाको फछ्यौंट गर्ने, लागु औषध विरुद्धको कारवाही गर्ने, जुनसुकै किसिमको तस्करी नियन्त्रण गर्ने लगायतका क्षेत्रमा महत्वपूर्ण कार्य सम्पादन गरेको छ।

### २०७९ साल माघ १२ गते देखि फाल्गुन १२ गतेसम्मको १ महिनाको अबधीमा बागमती प्रदेश प्रहरीको हासिल उपलब्धिहरु

**लागु औषध नियन्त्रण तथा कारवाही तर्फ:**

- गाँजा खेती ३५ विहागा र अफिम खेति १६१ विगाहा फडानी गरिएको छ।
- तयारी गाँजा १,९८५ केजि, चरेश ६० केजि, अफिम १ केजि, अन्य औषधीजन्य लागु औषध २,४९८ पिस सहित ६८ जना प्रतिवादी पक्राउ गर्न सफल भएको छ।

**फरार अपराधी पक्राउ तर्फ (फैसला कार्यान्वयन)**

- २३२ जना फरार अपराधि पक्राउ गरी ५१ वर्ष कैद अवधी र ३४,६०,८७४ (चौतिस लाख साठी हजार आठ सय चौरहत्तर) जरिवाना रकम संकलन गरिएको छ।

**पेण्डिङ मुद्धा फछ्यौंट तर्फ**

- जघन्य १२, गंभिर १६, सामान्य ६१ र अन्य १६५ गरी जम्मा २५४ वटा पेण्डिङ मुद्धाको फछ्यौंट गरिएको छ।

**अवैध हातहतियार नियन्त्रण तर्फ**

- २ नाल लामो हतियार र १ नाल छोटो गरी ३ नाल हतियार सहित ६ जना मानिस पक्राउ गरिएको।

**नदिजन्य प्राकृतिक स्रोतसाधनको अवैध दोहन नियन्त्रण तर्फ**

- ७० वटा सवारी साधनलाई नियन्त्रणमा लिई ९,३३,००० (नौं लाख तेत्तिस हजार) राजश्व संकलन गरिएको।

**अन्य गतिविधि तर्फ**

- चितुवाको सिङ्गो छाला सहित २ जना पक्राउ गरिएको छ।
- अवैध घरेलु मदिरा नियन्त्रण तर्फ ८,६०० लिटर तयार र १,९०० लिटर कच्चा मदिरा नष्ट गरिएको छ।
- विगतमा घटना घटि सफल अनुसन्धान हुन नसकेका मुद्धाको अनुसन्धान गर्न प्रदेश प्रहरीबाट प्रत्यक्षरुपमा सहायता प्रदान गरी ५ वटा जघन्य/गंभिर मुद्धाको अनुसन्धान भईरहेको छ।

**हराएकाको खोजतलास तथा सचेतनामुलक कार्यक्रम तर्फ**

- विगत देखि संचालनमा रहेको GO HOME अभियानलाई निरन्तरता दिई १ महिनाको अवधीमा ९९ जना हराएका मानिसहरु फेला पारी सम्बन्धित आफन्तको जिम्मा लगाईएको छ।
- सामुदायीक सचेतनामुलक कार्यक्रम अन्तर्गत ४६८ पटक कार्यक्रम संचालन गरी ४१,२७८ जना सहभागी भएका छन।

**सवारी दुर्घटना न्युनीकरण तर्फ**

- २५,९७१ वटा सवारी साधनलाई कारवाही गरी २,३९,०६,५०० (दुई करोड उन्चालिस लाख छ हजार पाँच सय) जरिवाना संकलन गरिएको छ।

**भौतिक पुर्वाधार विकास तर्फ**

- प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा थप ७ वटा प्रहरी इकाई निर्माणको लागि बजेट निकाशाको अन्तिम चरणमा रहेको छ।

**प्रशासनिक सुधार तर्फ**

- प्रहरी कर्मचारीको आचरण व्यवहार सुधार अन्तर्गत प्रदेश प्रहरी प्रमुखबाट मातहत ७ वटा जिल्ला प्रहरी कार्यालय लगायतका अन्य ईकाईहरुको अनुगमन भ्रमण तथा निर्देशन सम्बोधनको कार्यक्रम सम्पन्न
- ७ जिल्लामा स्थानिय जनप्रतिनिधि, राजनैतिककर्मी, संचारकर्मी, संघसंस्थाका प्रतिनिधि लगायत सरोकारवाला निकायहरुसंग शान्ति सुरक्षा सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

प्रबक्ता/सूचना अधिकारी
दिपक रेग्मी
(प्रहरी बरिष्ठ उपरीक्षक)
(९८५५०९०२४०)